प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १६ | वर्ष २ | श्रावण ४ गते | आईतबार




## गण्डकी प्रदेश सरकारको कोरोना विरुद्धको अभियान : हाम्रो अभियान

### गण्डकी प्रदेशको (COVID-19) सम्बन्धि जानकारी

| कुल संक्रमित | डिस्चार्ज भएका | सक्रिय केस | मृत्यु भएका | क्वारेन्टाइनमा |
|---|---|---|---|---|
| १३०५ | १००४ | २९७ | ४ | १८२४ |






गण्डकी प्रदेश सरकारले साविकको लेखनाथ सामुदायिक लायन्स अस्पताललाई प्रदेश सरकारको स्वामित्वमा हस्तान्तरण लिई, संक्रामक तथा सरुवा रोग अस्पतालको रुपमा विकास गरि संचालनमा ल्याएको छ । गत साउन १ गते एक कार्यक्रमका बीच गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङज्यूले स्वामित्व हस्तान्तरण ग्रहण गर्नुभएको छ । सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री नरदेवी पुन मगरज्यूको बिशेष उपस्थिति रहेको उक्त कार्यक्रममा गण्डकी प्रदेशका प्रमुख सचिवज्यू र मन्त्रालयका सचिवज्यूहरुको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा स्वास्थ्य निर्देशनालयका निर्देशक, स्वास्थ्य तालिम केन्द्र र प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुखज्यूहरु लगायतक विशिष्ट व्यक्तित्वको उपस्थिति रहेको थियो ।




गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रि नरदेवी पुन मगरज्युको प्रमुख आथित्यता तथा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माको अध्यक्षतामा गण्डकी प्रदेश, स्वास्थ्य निर्देशनालयको आयोजनामा मिति २०७७/०३/२९ गते नियमित खोप सेवा मार्फत सरसफाई प्रवर्धन एवं खोप कार्यक्रमको प्रदेशस्तरीय समिक्षा सम्पन्न भएको थियो । कार्यक्रममा बालस्वास्थ्य महाशाखा, काठमाडौंका निर्देशक, गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्र र स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका नि. निर्देशक, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुखहरु, WHO, UNICEF लगायत संस्थाका प्रतिनिधिहरु, मनाङ जिल्ला बाहेकका सबै स्वास्थ्य कार्यालयका प्रमुखहरु लगायत व्यक्तित्वको उपस्थिति थियो । कार्यक्रमको उद्येश्य बारे तथ्यांक अधिकृत दिवाकर शर्माले प्रस्तुतीकरण राख्नु भएको थियो भने कार्यक्रम संचालन स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य निरिक्षक मोहदत्त ढकालले गर्नुभएको थियो ।

## गण्डकी प्रदेशमा कोभिड-१९ संक्रमितका जिल्ला स्तरीय विवरण

कुल संक्रमित : १३०५
संक्रमित पुरुष : ११४५
संक्रमित महिला : १६०

आइसोलेसनमा : २९७
निको भएका : १००४
मृत्यु भएको : ४



**मुस्ताङ**
संक्रमित : १
निको भएका: १
सक्रिय केस : ०

**कास्की**
संक्रमित : ९१
निको भएका: ८०
सक्रिय केस : ११

**पर्वत**
संक्रमित : ९६
निको भएका: ९१
सक्रिय केस : ५

**म्याग्दी**
संक्रमित : ४०
निको भएका: २०
सक्रिय केस : २०

**मनाङ**
संक्रमित : १
निको भएका: १
सक्रिय केस : ०

**लमजुङ**
संक्रमित : ९२
निको भएका: ४४
सक्रिय केस : ४८

**बाग्लुङ**
संक्रमित : २२३
निको भएका: २०१
सक्रिय केस : २१
मृत्यु : १

**गोरखा**
संक्रमित : ९९
निको भएका: ९०
सक्रिय केस : ८
मृत्यु : १

**स्याङजा**
संक्रमित : १९३
निको भएका: १८२
सक्रिय केस : ९
मृत्यु : २

**नवलपरासी पूर्व**
संक्रमित : २९८
निको भएका: १५७
सक्रिय केस : १४१

**तनहुँ**
संक्रमित : १७१
निको भएका: १३७
सक्रिय केस : ३४

Updated
2077-04-04
6:00 pm




लमजुङ्ग र तनहुँ जिल्लाका केहि खोप केन्द्रहरुमा खोप, स्वास्थ्य तथा सरसफाई प्रबर्द्धन सम्बन्धि गतिविधिहरुको अनुगमन भएको छ ।



मिति:२०७७/०४/०१..................

संक्रामक तथा सरुवा रोग अस्पतालको पचभैया, बेगनाशमा रहेको भौतिक सम्पत्तिको निरिक्षणका क्रममा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्मा र सामाजिक विकाश मन्त्रालय, स्वास्थ्य महाशाखा प्रमुख श्री शम्भु ज्ञवालीले गर्नुभएको थियो ।

## गण्डकी प्रदेशमा कोभिड-१९ संक्रमणको संक्षिप्त विवरण




| | मुस्ताङ | मनाङ | लमजुङ | म्याग्दी | कास्की | पर्वत | गोरखा | तनहुँ | स्याङ्जा | बाग्लुङ | नवलपरासी पूर्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा संक्रमित | 1 | 1 | 92 | 40 | 91 | 96 | 99 | 171 | 193 | 223 | 298 |
| जम्मा डिस्चार्ज | 1 | 1 | 44 | 20 | 80 | 91 | 90 | 137 | 182 | 201 | 157 |
| आइसोलेसनमा रहेका | 0 | 0 | 48 | 20 | 11 | 5 | 8 | 34 | 9 | 21 | 141 |



बाग्लुङ्ग जिल्लाको बडीगाड गाउँपालिकामा रहेको ग्वालीचौर हेपोमा ल्याब सेवा संचालनमा आएको छ ।


## हार्दिक आभार

गण्डकी प्रदेश सरकारद्वारा संचालन भैरहेको कोरोनाको संक्रमण र व्यवस्थापन सम्बन्धी सुचनामुलक सदेश प्रसारण गरि प्रदेश सरकारलाई सहयोग गर्नुहुने गण्डकी प्रदेश भित्र संचालनमा रहेका सबै मिडीयाहरु र संलग्न रहनुभएका सबै पत्रकार मित्रहरुलाई गण्डकी प्रदेश सरकारको तर्फबाट सामाजिक विकाश मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय हार्दिक आभार ब्यक्त गर्दछौ । यहाहरुको सहयोग गण्डकी प्रदेशको कोरोना नियन्त्रण कार्यक्रममा प्रभाबकारी माध्यम प्रमाणीत भएको छ । यस आ.व. का लागी स्वास्थ्य निर्देशनालय मार्फत संचालन गरिएका हाम्रा सदेश प्रसारण कार्यक्रम समापन भएको जानकारी गराउदै आगामी आ.व. २०७७ /७८ मा हामी सबैको सहकार्य अवश्य हुनेछ । यहाँहरुको साथ सहयोगका लागी पुन: हार्दिक आभार प्रकट गर्दै यहाहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौ ।


### गण्डकी प्रदेशमा कोभिड १९ संक्रमित महिला र पुरुषको जिल्लागत विवरण




### गण्डकी प्रदेशको कोभिड १९ संक्रमितको डिस्चार्ज विवरण



## जिल्लागत क्वारेन्टाइनमा रहेकाको विवरण




### कोरोना नियन्त्रण तथा अन्य स्वास्थ्य सम्बन्धि सामाजिक विकाश मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको अनुरोध

कोरोनाको संक्रमण सम्भावना यथावत नै छ, घरबाहिर निस्कदा मास्कको प्रयोग गरौ, एक पटक प्रयोग भएको मास्क दोस्रो पटक नगरौ । घरभित्र प्रवेश गर्नुअघि साबुनपानी वा स्यानीटाईजरले हात धोवौं, विदेशबाट आएका तथा टोलछिमेकमा शंका लागेका व्यक्तिहरुलाई कोरोना परिक्षणका लागि प्रोत्साहन गरौ तर वहाहरुलाई अपमानजनक व्यवहार नगरौ ।

डेंगुको संक्रमण बढिरहेको छ, लामखुट्टेको टोकाईबाट बचौ, आफ्नो वरिपरी सफा राखौ, वर्षातको समयमा खानेपानी उमालेर मात्रै खाने गरौ, स्वास्थ्यकमीको सम्मान गरौ, कुनैपनि स्वास्थ्य समस्या भएमा आफु नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौ, कोरोना नियन्त्रण तथा अन्य स्वास्थ्य समस्याहरुको व्यवस्थापनमा जिम्मेवार नागरिकको पहिचान दिऔं, आफु पनि बचौ, अरुलाई पनि बचाऔ ।

सामाजिक बिकाश मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश

हेलो डाक्टर १०९२

**घरमै बसौं, सुरक्षित रहौं**

नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा